खोटेहाङ गाउँपालिका

खोटाङबजार, खोटाङ

# स्थानीय राजपत्र

**खोटेहाङ गाँउपालिका**

# खोटेहाङ प्रज्ञा प्रतिष्ठान नियमावली २०८०

प्रमाणीकरण मिति :२०८०। ।

# प्रस्तावना

वहुजातीय, वहुभाषिक, वहुसांस्कृतिक हाम्रो समाजलाई एकतावद्ध बनाई राख्न र सामाजिक विविधताका बीच आत्मीय सम्बन्ध बनाई राख्ने महत्वपूर्ण औजार, भाषा, साहित्य, कला, संस्कृति, ज्ञान, विज्ञान, प्रविधिको समुचित विकास गर्ने अभिप्रायले खोटेहाङ प्रज्ञा-प्रतिष्ठान ऐन, २०८० नियम ३३ बमोजिम खोटेहाङ गाउँ कार्यपालिकाले यो नियमावली बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ** : १) यस नियमावलीको नाम **"खोटेहाङ प्रज्ञा-प्रतिष्ठान नियमावली, २०८०"** रहेको छ ।

२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

क) **"गाउँपालिका"** भन्नाले खोटेहाङ गाउँपालिकालाई सम्झनु पर्दछ ।

ख) **" अध्यक्ष"** भन्नाले खोटेहाङ गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्दछ ।

ग) **"उप-अध्यक्ष"** भन्नाले खोटेहाङ गाउँपालिकाका उप-अध्यक्षलाई सम्झनु पर्दछ ।

घ) **" प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले खोटेहाङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ङ) **"प्रतिष्ठान"** भन्नाले खोटेहाङ प्रज्ञा-प्रतिष्ठानलाई सम्झनु पर्दछ ।

च) **"अध्यक्ष"** भन्नाले प्रतिष्ठानको प्रज्ञा सभा अध्यक्षलाई सम्झनु पर्दछ ।

छ) **"उपाध्यक्ष"** भन्नाले प्रतिष्ठानको प्रज्ञा सभा उपाध्यक्षलाई सम्झनु पर्दछ ।

ज) **"सचिव"** भन्नाले प्रतिष्ठानको सदस्य-सचिवलाई सम्झनु पर्दछ ।

झ) **"पदाधिकारी"** भन्नाले प्रतिष्ठानका पदाधिकारीलाई सम्झनु पर्दछ ।

ञ) **"सदस्य"** भन्नाले कार्य समितिका सदस्यलाई सम्झनु पर्दछ ।

ट) **"संस्था"** भन्नाले खोटेहाङ प्रज्ञा प्रतिष्ठानलाई सम्झनु पर्दछ ।

ठ) **"समिति"** भन्नाले प्रतिष्ठानको कार्य समितिलाई सम्झनु पर्दछ ।

ड) **"परिषद्"** भन्नाले खोटेहाङ प्रज्ञा प्रतिष्ठान ऐन बमोजिम गठित प्रज्ञा परिषद्लाई सम्झनु पर्दछ

ढ) **"भाषा"** भन्नाले नेपाली भाषा लगायत नेपालमा बोलिने सम्पूर्ण राष्ट्रभाषा साथै खोटेहाङ गाउँपालिका भित्र बोलिने भाषालाई सम्झनु पर्नेछ ।

ण) **"कला"** भन्नाले चित्रकला, मूर्तिकला, लोककला, हस्तकला, शिल्पकला, बास्तुकला लगायतका अन्य सृजनात्मक कलालाई सम्झनु पर्नेछ ।

त) **"साहित्य"** भन्नाले राष्ट्रका हरेक भाषा साहित्यका गद्य-पद्यमा सृजित विविध विधाका साहित्य लगायत लिखित एवं मौखिक लोकसाहित्य समेतलाई सम्झनु पर्नेछ ।

थ) **"संस्कृति"** भन्नाले नेपाली संस्कृतिका विविध पक्षलाई सम्झनु पर्नेछ ।

द) **"विज्ञान प्रविधि"** भन्नाले बिज्ञान र आधुनिक प्रविधिलाई सम्झनु पर्दछ ।

ध) **"वौद्धिक सम्पत्ति"** भन्नाले ज्ञान, विज्ञानका क्षेत्रमा अध्ययन अनुसन्धान र सृजनात्मक कार्य गरी प्राप्त नतिजालाई सम्झनु पर्दछ ।

न) **"वौद्धिक बैंक"** भन्नाले ज्ञान, विज्ञानका क्षेत्रमा अध्ययन अनुसन्धान र सृजनात्मक कार्य गरी

उदिम बहादुर राई
अध्यक्ष
खोटेहाङ गाउँपालिका

प्राप्त नतिजालाई बैधानिक रुपमा संरक्षण गर्ने कार्यलाई सम्झनु पर्दछ ।

प) **"पाठक सदस्य"** भन्नाले पुस्तकालय प्रयोग गर्नका लागि पाठक सदस्यता लिएका व्यक्ति वा संस्थालाई सम्झनु पर्दछ ।

फ) **"परिषद् सदस्य"** भन्नाले खोटेहाङ प्रज्ञा-प्रतिष्ठान परिषद् सदस्यलाई सम्झनु पर्दछ ।

ब) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस नियमावली र कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

# परिच्छेद–२

## उद्देश्य

३. **प्रतिष्ठानका उदेश्यहरु :** १) भाषा, कला, साहित्य, संस्कृति, वौद्धिक सम्पत्ति, ज्ञान, विज्ञान प्रविधिको विकास, संरक्षण र सम्बर्धन गर्ने ।

२) स्रष्टाहरुको क्षमता विकास गर्ने ।

४. **प्रतिष्ठानका कार्यहरु** : यस प्रतिष्ठानकाले उद्देश्य पूरा गर्न देहाय बमोजिमका कार्य गर्ने छ –

क) स्वयम्सेवी जनशक्ति उत्पादन गर्ने,

ख) नेपालका भाषा, साहित्य, कला, संस्कृतिलाई देश र विदेशमा प्रचार प्रसार गर्ने,

ग) वौद्धिक बैंकको स्थापना र परिचालन गर्ने,

घ) वौद्धिक बैंकमा संकलन भएका बौद्धिक सम्पत्तिहरु संघीय र प्रदेश सरकारमा पठाउने र पेटेन्ट राईटका लागि सहजीकरण गर्ने,

ङ) अन्य संघ संस्थासँग समन्वय र सहकार्य गर्ने,

च) बौद्धिक, सामाजिक, आर्थिक, भाषिक, साहित्यिक, कलासँग सम्बन्धित साँस्कृतिक,विज्ञान प्रविधि एवम् वातावरणीय विकासका कार्यहरु गर्ने,

छ) भाषा, साहित्य, कला, संस्कृति, नाट्यकला, अभिनय, चित्रकारिता, संगीत, विज्ञान प्रविधि लगायत प्राचीन, लोक र आधुनिक कला साथै ज्ञान विज्ञान सम्बन्धी अध्ययन अनुसन्धान केन्द्रको रुपमा काम गर्ने,

ज) प्रतिष्ठानका लागि आवश्यक पर्ने कर्मचारी तथा अन्य जनशक्ति गाउँपालिकासँग माग गरी व्यवस्था मिलाउने,

झ) बौद्धिक, सामाजिक, भाषिक, साहित्यिक, कला साँस्कृतिक, विज्ञान प्रविधिसँग सम्बन्धित ज्ञानविज्ञानका पक्षहरुको विद्यालय स्तरीय वा समुदाय स्तरीय विविध प्रतियोगी कार्यक्रम गरी सम्मान तथा पुरस्कार प्रदान गर्ने ।

ञ) प्रतिष्ठानका अन्यकामहरु गर्ने ।

# परिच्छेद ३

## बौद्धिक बैंक र पुस्तकालय

५. **बौद्धिक बैंक सम्बन्धी व्यवस्था** : बौद्धिक बैंकका क्षेत्रहरु देहाय बमोजिम हुनेछन्:

१) विज्ञान र प्रविधिको खोज,अध्ययन,अनुसन्धान र व्यवहारिक प्रयोग,

२) सामाजिक मूल्य मान्यता, संस्कृति, नैतिक पक्ष, सामाजिक रुपान्तरण र पुस्तान्तर सम्बन्धी व्यवहारिक ज्ञान र सीपको प्रयोग,

३) खाद्य पदार्थमा पाइने बिभिन्न तत्वहरु र तिनले मानव जीवनमा पार्ने प्रभाव विश्लेषण,

४) जेनेटिक इन्जिनियरिङ सम्बन्धी खोज, अध्ययन अनुसन्धान,

५) मनोविज्ञान, मनोचिकित्सा, मनोविश्लेषण, मनोपरापर्श सेवाका साथै सरल जीवनयापन सम्बन्धी खोज, अध्ययन, अनुसन्धान,

६) इतिहास र खगोल शास्त्र सम्बन्धी खोज, अध्ययन, अनुसन्धान,

७) भाषा, साहित्य, कला, मानव शास्त्र र कानून शास्त्र सम्बन्धी लेखन तथा खोज अध्ययन अनुसन्धान,

८) अन्य जुनसुकै विषयको खोज, अध्ययन, अनुसन्धान र सिद्धान्तको प्रतिपादन ।

६. **बौद्धिक सम्पत्ति संरक्षण सम्बन्धी व्यवस्था** : बौद्धिक सम्पत्ति संरक्षण सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

१) कुनै पनि व्यक्ति वा संस्थाले यस बैंकका क्षेत्र भित्रका अनुसन्धान प्रतिवेदन वा बौद्धिक सम्पत्ति अनुसूची १ बमोजिमको आवेदन साथ संस्थामा जम्मा गर्न सक्ने छ ।

२) उपनियम १) बमोजिम जम्मा भएको बौद्धिक सम्पत्ति संस्थाले आवश्यक प्रक्रिया पूरा गरी दर्ता गर्न योग्य भए ३ महिनाभित्र दर्ता गर्ने र दर्ता गर्न योग्य नभए फिर्ता गर्नु पर्नेछ ।

३) उपनियम १ र २ बमोजिम बौद्धिक सम्पत्ति जम्मा भएपछि जम्मा गर्ने व्यक्तिवा संस्थालाई अनुसूची २ बमोजिमको प्रमाणपत्र उपलब्ध गराईने छ ।

४) उपनियम ३ बमोजिम जम्मा प्रक्रिया पूरा भएको बौद्धिक सम्पत्ति संस्थामा संरक्षण गरिनेछ ।

५) उपनियम ४ बमोजिम राखिएको बौद्धिक सम्पत्ति उत्पादकको अनुमतिमा प्रचलित कानून बमोजिम संस्थाले लगानी गरी बिक्री, वितरण वा प्रचार प्रसार र प्रयोगमा ल्याउने प्रबन्ध गर्न सक्नेछ ।

६) उपनियम ५ बमोजिमको कार्यबाट प्राप्त रकम मध्ये उत्पादकलाई पच्चीस प्रतिशत दिइने छ र बाँकी पचहत्तर प्रतिशत संस्थाको कोषमा जम्मा हुनेछ साथै सो सम्पत्तिमा उत्पादकको अधिकार सुरक्षित राखिने छ ।

७) यो नियमावली र प्रचलित कानून बमोजिम दर्ता भई यस बैंकमा जम्मा गरिएको बौद्धिक सम्पत्ति फिर्ता लिई अन्यत्र जम्मा गर्न, बिक्री तथा वितरण गर्न पाइने छैन तर दर्ता हुनु अगावै फिर्ता लिन चाहेमा वाधा पर्ने छैन ।

७. **बौद्धिक सम्पत्तिको सुरक्षा प्रबन्ध** : १) कुनै व्यक्ति वा संस्थाले जम्मा गरेको बौद्धिक सम्पत्ति अरुले चोर्न, नक्कल गर्न वा आफ्नो हो भनी दाबी गर्न पाउने छैन र यदि कसैले अरुको उत्पादन आफ्नो भनी चोरी दाखिला गरेको रहेछ भने सो प्रमाणित भएमा सो सम्पत्ति सम्बन्धित व्यक्ति वा संस्थालाई फिर्ता गरी निज चोरी गर्नेलाई प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

२) यस बैंकमा जम्मा भएको बौद्धिक सम्पत्ति संस्थाको स्वीकृति बिना अन्यत्र लैजान, प्रचारप्रसार गर्न वा बिक्री गर्न पाइने छैन ।

३) यस बैंकमा जम्मा भएको सम्पत्ति हराएमा वा नष्ट भएमा संस्थाले प्रचलित कानून बमोजिम क्षतिपूर्ति दिनु पर्नेछ ।

८. **सम्पर्क संस्थाको रुपमा रहने** : नेपालको संविधान र प्रचलित कानून बमोजिम यो बौद्धिक बैक संघीय सरकारको सम्पर्क संस्थाको रुपमा रहने छ र यसमा जम्मा भएका बौद्धिक सम्पत्तिहरु उत्पत्तिको प्रमाण पत्र पेटेण्ट राईट) का लागि सम्बन्धित निकायमा पेस गरी प्रमाण पत्र उपलब्ध गराउन सहजिकरण गर्न सकिनेछ ।

छोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोटाङ बजार, खोटाङ

उदिम बहादुर राई
अध्यक्ष

९. **उत्प्रेरणा, नियमन र नियन्त्रण सम्बन्धी व्यवस्था :** उत्प्रेरणा, नियमन र नियन्त्रण सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ,

१) गाउँपालिकाले संस्था मार्फत गाउँबासीलाई बौद्धिक विकास गर्न उत्प्रेरित गर्नेछ ।

२) उपनियम १ को प्रयोजनकालागि संस्थाले विषय तोकी उत्प्रेरक बन्नकालागि सूचना प्रकाशित गर्नेछ ।

३) तोकिएको म्याद भित्र कुनै विषयमा उत्प्रेरक बन्न चाहेमा अनुसूची ३ बमोजिमको ढाँचामा आवेदन दिनु पर्नेछ ।

४) उपनियम ३ बमोजिम आवेदन गर्ने व्यक्तिहरुलाई आवेदकहरुबाट विभिन्न पक्षको मूल्यांकन गरी अधिकतम अंकका आधारमा छनोट गरी तालिम दिईनेछ ।

५) तालिम पश्चात कम्तिमा ५१ जना ब्यक्तिबाट पुनःउत्प्रेरक क्षमता मूल्यांकन गराइने छ र यसरी छनोट भएका ब्यक्तिलाई उत्प्रेरक प्रमाणपत्रका लागि गाउँपालिकामा सिफारिस गरिनेछ ।

६) उत्प्रेरक मूल्यांकन सम्बन्धी ढाँचा समितिले निर्धारण गर्नेछ ।

७) यसरी उत्पादित उत्प्रेरकले कम्तिमा ३ वर्ष गाउँपालिकाले तोके अनुसारको सेवा गर्नु पर्नेछ तर तोकेको अवधि पूरा नहुदै कुनै अवसरका लागि अन्यत्र जानु पर्ने भएमा गाउँपालिको स्वीकृति लिनु पर्नेछ ।

८) निजले संस्थाको समन्वयमा उत्प्रेरक भै कार्य गर्दा गरेको आय आर्जनको प्रच्चीस प्रतिशत रकम गाउँपालिकाको बैंक खातामा जम्मा गर्नुपर्नेछ र उत्प्रेरक बन्न अनुसूची ४ को प्रक्रिया पूरा गर्नु पर्नेछ ।

९) गाउँपालिकाले उत्पादन गरेको उत्प्रेरकले कुनै ब्यक्ति, संस्था वा राज्यको प्रलोभनमा परी गाउँपालिकाको सहमति बिना कतै गएर सेवा दिन पाइने छैन, यसरी गाउँपालिकाको मञ्जुरी बिना कुनै उत्प्रेरकले अन्यत्र गई काम गरेमा करार ऐन बमोजिम कारवाही गरिनेछ ।

१०) यस प्रकारका उत्प्रेरकको कार्य क्षमताको मूल्यांकन गरी थप क्षमता विकासकालागि तालिम प्रदान गरिने छ ।

११) गाउँपालिकाबाट उत्पादित उत्प्रेरक गाउँपालिकाको, नीति, नियम, कानून र आचार संहिता भित्र रही कार्य गर्नु पर्नेछ ।

# परिच्छेद-४

## पुस्तकालय संचालन व्यवस्था

१०. **पुस्तकालय :** १) खोटेहाङ पुस्तकालय संचालनको जिम्मेवारी खोटेहाङ प्रज्ञा प्रतिष्ठानको हुनेछ ।

२) पुस्तकालय संचालन सम्बन्धी व्यवस्था देहाय अनुसार हुनेछ ।

क) ज्ञानका सम्पूर्णपक्ष भाषा, साहित्य, धर्म, कला, संस्कृति, दर्शन, इतिहास, भूगोल, कानून, विज्ञान-प्रविधि, स्वास्थ्य, खेलकुद, राजनीति, वातावरण) जस्ता वाङ्मयका सम्पूर्ण क्षेत्रहरुलाई समेट्ने ज्ञान सामग्री खरीद वा प्राप्त गरी पुस्तकालय संचालन गर्ने ।

ख) बिद्युतीय पुस्तकालय (E-library) संचालन गर्ने ।

ग) पठन संस्कृतिको विकास गर्न युवा तथा बालबालिकालाई रुची अनुसारका सामग्री उपलब्ध गराउने ।

घ) बोध तथा अभिव्यक्तिको मूल्यांकनका आधारमा प्रोत्साहनको विशेष व्यवस्था गर्ने ।

ङ) जीवन र जगतसँग ज्ञान-विज्ञान र अध्ययनको तादात्म्य मिल्ने वा अन्तर सम्बन्ध विकास

गर्न सक्ने किसिमका अन्तर्क्रिया, सेमिनार, गोष्ठी र अनुसन्धान कार्य गर्ने गराउने ।

११. **पाठक सदस्यता सम्बन्धी व्यवस्था** : १) देहाय बमोजिमको शुल्क तिरी खोटेहाङ गाउँपालिका भित्र वा बाहिर जुनसुकै क्षेत्रको व्यक्ति वा संस्था पाठक सदस्य बन्न सक्नेछ ।

| सदस्यताको प्रकार | स्वदेशी नागरिकको हकमा | विदेशी नागरिकको हकमा |
|---|---|---|
| वार्षिक ब्यक्तिगत | रु १०० | रु ५०० |
| पाँच वर्षको | रु ५०० | रु २,५०० |
| आजीवन सदस्यता ब्यक्तिगत | रु २,००० | रु १०,००० |
| संस्थागत वार्षिक | रु. १,००० | रु ५,००० |
| संस्थागत ५ वर्षका लागि | रु. ५,००० | रु. २०,००० |
| संस्थागत ५ वर्ष माथि १० वर्ष सम्म | रु. १०,००० | रु. २५,००० |
| संस्थागत १० वर्ष माथि | रु. १५,००० | रु. ४०,००० |

२) E-library प्रयोगकालागि समितिले तोके बमोजिमको शुल्क तिरी सदस्यता लिन सकिनेछ ।

३) विद्यार्थीहरुका लागि नियम ११ को उपनियम १) मा तोकिएको शुल्कको आधा शुल्कमा सदस्यता प्रदान गरिनेछ ।

४) संस्थागत सदस्य लिने संस्थाले तोकेका पाँचजनालाई पुरुतकालय प्रयोगको सुबिधा उपलब्ध हुनेछ र सदस्यता लिने संस्थाले आवश्यकता अनुसार प्रयोगकर्ता परिवर्तन गर्न सक्नेछ ।

५) कुनै सदस्यको सदस्यता अवधि समाप्त नहुदै मृत्यु भएमा वा बसाइँ सरी गएमा निजको हकवाला वा निजले इच्छाएको ब्यक्तिका नाममा सदस्यता नामसारी हुन सक्नेछ ।

१२. **पाठक सदस्यताको समाप्ति** : देहायको अवस्थामा कुनै पनि व्यक्ति वा संस्थाको पाठक सदस्यता कायम रहने छैन-

क) सदस्यबाट हट्न चाहेमा,

ख) पुस्तकालयको नियम उलंघन गरेमा,

ग) पुस्तकालयको सम्पत्ति हिनामिना गरेमा

घ) पुस्तक वा पुस्तकालयका सामग्री दुरुपयोग वा नष्ट गरेमा वा हराएमा वा मासेमा,

ङ) आचार संहिता पटक पटक उल्लघंन गरेमा,

च) तोकिएको समयमा नवीकरण गाउँमा ।

१३. **कार्डको व्यवस्था** : १) हरेक पाठक सदस्यको पुस्तकालय कार्ड हुनेछ ।

२) पुस्तकालय कार्डमा देहायको बिवरण हुनेछ ।

क) सदस्यको नाम थर, ठेगाना

ख) योग्यता

ग) सदस्यताको प्रकार

घ) पुस्तकालय प्रयोग : पुस्तक/श्रब्य दृश्य सामग्री/बिद्युतीय पुस्तकालय वा सबै

ङ) सदस्यको पासपोर्ट साइजको फोटो च) संस्थागत भए पुस्तकालय प्रयोग कर्ताको फोटो ।

छ) अध्यक्ष वा निजले अधिकार प्रत्यायोजन गरेको ब्यक्तिले प्रमाणित गरेको ।

१४. **कार्डको प्रतिलिपि सम्बन्धी व्यवस्था** : पुस्तकालय प्रयोगकर्ता सदस्यले कार्ड हराएमावा नष्ट भएमा देहाय अनुसारको शुल्क तिरेर कार्डको प्रतिलिपि प्राप्त गर्न सक्ने छन् ।

| सदस्यताको प्रकार | एक बर्षे | पाँच बर्षे | आजीवन वा पाँच बर्ष माथी |
|---|---|---|---|
| व्यक्तिगत | रु.२५/- | रु.१००/- | रु.१५०/- |
| संस्थागत | रु.५०/- | रु.२००/- | रु.३००/- |

**१५. पुस्तक अध्ययन सम्बन्धी व्यवस्था :** १) पुस्तकहरु पुस्तकालयको अध्ययन कक्षमा अध्ययन गर्नु पर्नेछ ।

२) कुनै पुस्तक १५ दिन सम्मकालागि घर लगेर अध्ययन गर्न पाइनेछ र यसरी लाँदा पुस्कतकको महत्व हेरी एकपटकमा २ वटा सम्म दिन सकिनेछ र पुस्तक पढ्ने अवधि दुई पटक सम्म थप गर्न सक्नेछ तर विशेष अवस्थामा दुई वटा भन्दा वढी पुस्तक लैजानु पर्ने भएमा तोकिएको धरौटी राखी अध्यक्षको अनुमतिमा लैजान वाधा पर्ने छैन ।

३) पुनःप्रकाशन हुने सम्भावना नभएका, विशेष किसिमका र कम संख्यामा भएका पुस्तक पुस्तकालय भन्दा वाहिर लान पाईने छैन ।

४) अघिल्लो पटक लगेको पुस्तक फिर्ता गाउँी पुनःअर्को लैजान पाउने छैन ।

५) बिद्युतीय पुस्तकालयका कुनै सामग्री लापर्वाही गरी बिगारेमा सो सामग्रीको मूल्यको दोब्बर रकम तिर्नु पर्नेछ

६) ऐन नियमको अधिनमा रही समितिले आवश्यकतानुसार पुस्तकालय सम्बन्धी कार्यविधि, निर्देशका र मापदण्ड बनाई गाउँ कार्यपालिकामा स्वीकृत गराई लागू गर्न सक्नेछ ।

**१६. धरौटी सम्बन्धी व्यवस्था :** १) रु.५०० भन्दा बढी मूल्यको पुस्तक भए मूल्यको दोब्बर धरौटी राख्नु पर्नेछ ।

२) पुस्तक च्यातेमा, हराएमावा केरमेट गरेमा मूल्यको दोब्बर हुन आउने रकम तिर्नु पनेछ ।

३) पुस्तक लाँदा तोकिएको म्यादमा फिर्ता गाउँ म्याद नाघेको भोलि पल्टदेखि दैनिक १० रुपैयाका दरले जरिवाना लाग्ने छ तर नियम १५ को खोटेहाङ प्रज्ञा प्रतिष्ठान नियमावली उपनियम २ बमोजिम म्याद थपिएको अवस्थामा थपिएको म्यादसम्म जरिवाना लाग्ने छैन ।

**१७. सदस्यको लागत व्यवस्थापन :** पुस्तकालय प्रयोगकर्ता सदस्यको लागत रजिष्टर र सफ्टवेयरमा सदस्यको प्रकार अनुसार अलग अलग र नेपाली वर्णानुक्रमानुसार व्यवस्थित गरिनेछ ।

**१८. लगतबाट हटाउने :** १) प्रयोग गर्न अयोग्य भएका सामग्री समितिको निर्णयानुसार पुस्तकालयको लगतबाट हटाई नस्ट गरिने छ र यसरी नष्ट गरिएका सामग्रीको छुट्टै लगत राखिने छ ।

२) उपनियम १) बमोजिम नष्ट गरिएका सामग्रीको सूची परिषद्बाट अनुमोदन गराई गाउँपालिकामा जानकारी दिनु पर्नेछ ।

**१९. निःशुल्क सेवा :** कुनै स्वदेशी वा विदेशी अनुसन्धानकर्ता आफ्नो परियोजना संचालनका क्रममा निश्चित अवधिकालागि पुस्तकालय प्रयोगको अनुमति माग गर्न आएमा अध्यक्षले निःशुल्क प्रयोगको अनुमति दिन सक्नेछ र यसरी निःशुल्क प्रयोग अनुमति प्राप्त व्यक्तिले अन्य नियम व्यक्तिगत प्रयोग सदस्यले सरह पालना गर्नु पर्नेछ ।

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोटाङ बजार, खोटाङ
२०७३

उदिम बहादुर राई
अध्यक्ष

# परिच्छेद-५
## पुस्तकालयका पाठक सदस्यको आचार संहिता

२०. **पुस्तकालयका पाठकले पालना गर्नुपर्ने आचार संहिता :** १) पुस्तक, बिद्युतीय पुस्तकालय र श्रब्यदृश्य सामग्री प्रयोग गरी अध्ययन गर्ने ।

२) अध्ययन कक्ष र बिद्युतीय पुस्तकालय तोकिएको समयभित्र मात्र प्रयोग गर्न पाईनेछ ।

३) पुस्तकालयमा अनावश्यक वादविवाद गर्न पाईने छैन ।

४) पुस्तकालयभित्र धुम्रपान गर्न पाईने छैन साथै कुनै पनि खाद्य सामग्री लान पाईने छैन ।

५) मादक पदार्थ सेवन गरी पुस्तकालय भित्र प्रवेश गर्न पाईने छैन ।

६) पाठक सदस्यले पुस्तकालयको सरसफाई र सामग्रीको सुरक्षामा समेत ध्यानदिनु पर्नेछ ।

७) समितिले आवश्यकता अनुसार निर्धारण गरेका अन्य आचार संहिताको पूर्ण पालना गर्नुपर्नेछ ।

२१. **नवीकरण सम्बन्धी व्यवस्था :** १) हरेक आर्थिक बर्षमा सदस्यता कार्ड नवीकारण गर्नु पर्नेछ ।

२) काबु बाहिरको परिस्थिति परी समयमा नवीकरण गर्न नसकेको कारण खुलाई निवेदन दिएमा बिना जरिवाना नवीकरण हुनेछ तर यस्तो समय ६ महिनाभन्दा वढी हुने छैन ।

३) ६ महिनाभन्दा वढी समय सम्म नवीकरण गाउँमा नवीकरण शुल्कको २५ प्रतिशत विलम्ब शुल्क लाग्नेछ तर १ वर्ष सम्म पनि नवीकरण गाउँमा सदस्यता स्वतः खरेज हुनेछ ।

# परिच्छेद-६
## कृति लेखन र पुरस्कार

२२. **पुरस्कार सम्बन्धी व्यवस्था :** १) कार्य समितिको निर्णयानुसार समुचित लेखनवृत्ति दिएर कृति लेखन तथा वाचन कार्य गराउन सक्नेछ ।

२) स्रष्टा, संस्था वा कृतिलाई पुरस्कृत गर्न सकिनेछ ।

३) पुरस्कार सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

क) "गाउँ विशिष्ट प्रतिभा पुरस्कार" तोकिएका विधामा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्रष्टा, संस्था वा कृतिलाई- रू. ५१,०००/-प्रत्येक २ वर्षमा १ जनालाई

ख) "खोटेहाङ प्रज्ञा नेपाली भाषा, साहित्य वा संस्कृति मध्ये एक विधामा पुरस्कार" - रू. २१,०००/-प्रत्येक वर्ष १ जनालाई

ग) "खोटेहाङ प्रज्ञा मातृभाषा साहित्य पुरस्कार"- रू.२१,०००/-प्रत्येक वर्ष १ जनालाई

घ) "खोटेहाङ प्रज्ञा कला साधना पुरस्कार"- रू. २१,०००/-प्रत्येक वर्ष १ जनालाई

ङ) "खोटेहाङ प्रज्ञा-विज्ञान प्रविधि पुरस्कार"- रू. २१,०००/- प्रत्येक वर्ष १ जनालाई

च) "खोटेहाङ प्रज्ञा बाल प्रतिभा पुरस्कार"- रू. १५,०००/- रू. १२,०००/- रू. १०,०००/- १८ वर्ष मुनिका बालबालिका मध्ये प्रतिस्पर्धाबाट प्रत्येक वर्ष ३ जनालाई

४) पुरस्कृत हुने ब्यक्ति, संस्था वा कृतिलाई महत्वपुर्ण जयन्ती वा गाँउपालिकाको बार्षिकोत्सवमा घोषणा गरिनेछ र प्रज्ञा प्रतिष्ठानले हरेक बर्ष चैत्र महिना भित्र समारोहको आयोजना गरी भाषाभाषी, कला, साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतको प्रवर्द्धन, संरक्षण, संवर्द्धन र विकासमा कुनै एक वा एक भन्दा बढी बिषय वा शिर्षकमा खुला प्रतिस्पर्धा गराई समेत

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

...दिम बहादुर राई
अध्यक्ष
...गाउँपालिका

पुरस्कार वितरण गर्नेछ ।

५) कुनै बिधामा पुरस्कार स्थगित गर्नु वा बिधा परिवर्त गरी पुरस्कृत गर्नु पर्ने भएमा उचित कारण सहित गाँउकार्यपालिका तथा संरक्षक र समितिको संयुक्त निर्णय अनुसार हुनेछ ।

६) छनौटको मापदण्ड समितिले निर्धारण गरे बमोजिम हुने छ ।

७) उपदफा ३) बमोजिमका पुरस्कारहरुको रकममा प्रचलित कानून बमोजिम लाग्ने करकट्टा गरी प्रदान गरिने छ ।

# परिच्छेद-७
# छनौट समिति

**२३. छनोट समिति :** १) पुरस्कार वितरणका लागि तोकिएको क्षेत्र तथा मापदण्ड भित्रका स्रष्टा, संस्था तथा कृति छनोटका लागि देहाय बमोजिमको समिति गठन गरिने छ :

क) खोटेहाङ प्रज्ञा प्रतिष्ठानका उपाध्यक्ष संयोजक

ख) खोटेहाङ प्रज्ञा प्रतिष्ठान कार्य समिति सदस्यहरु मध्ये समितिले तोकेको १ जना - सदस्य

ग) गाउँपालिका अध्यक्षले तोकेको व्यक्ति -१ जना सदस्य

घ) प्रज्ञा अध्यक्षद्वारा मनोनित परिषद्सदस्यहरु मध्येबाट १ जना सदस्य

ङ) संस्थाका सदस्य सचिव-सदस्य सचिव

२. प्रज्ञा अध्यक्षले संयोजकसँग परामर्श गरी आवश्यकतानुसार छनौट समितिको वैठकमा सम्बन्धित क्षेत्रका विज्ञलाई आमन्त्रित गर्न सक्नेछ ।

**२४.कोष परिचालन :** १) कोषको परिचालन देहाय वमोजिम गरिने छ ।

क) संस्थाको दैनिक कार्य संचालन,

ख) सम्मान र पुरस्कार,

ग) पुस्तकालय विकास र संचालन,

घ) संस्थाका अन्य आवश्यक गतिविधि र कार्यक्रम,

२) प्रज्ञा परिषद्बाट स्वीकृत कार्यक्रम अनुसार कोष परिचालन गरिने छ ।

३) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन प्रज्ञा परिषद्मा पेस गर्नु पर्नेछ ।

४) कोषको लेखा प्रचलित कानून वमोजिम राख्नु पर्नेछ ।

**२५. खाता संचालन :** १) बैंक तथा मान्यता प्राप्त वित्तीय संस्थामा संस्थाको आफ्नै खाता संचालन हुनेछ ।

२) बैक खाता संचालन खोटेहाङ प्रज्ञा प्रतिष्ठान(सभा)का अध्यक्ष र सदस्य-सचिवको संयुक्त दस्तखतबाट गरिनेछ ।

**२६. पदाधिकारी र कर्मचारीको व्यवस्था :** सम्बन्धी व्यवस्था गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

३) खोटेहाङ प्रज्ञा प्रतिष्ठानको संचालनकालागि आवश्यक कर्मचारीको व्यवस्था गाउँपालिकाले गर्नेछ

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोटाङ बजार, खोटाङ

उदिम बहादुर राई
अध्यक्ष
खोटेहाङ गाउँपालिका

## परिच्छेद-८
## विविध

२७. अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था : यस संस्थाको कुनै पदाधिकारीले आफ्नो अधिकार अर्को पदाधिकारी वा सदस्यलाई पूर्ण वा आंशिक रुपमा प्रत्यायोजन गर्न सक्ने छ ।

२८. पुस्तकालयको छाप र चिन्ह : खोटेहाङ प्रज्ञा प्रतिष्ठानको छुट्टै छाप र चिन्ह अनुसूची-५ अनुसार हुनेछ ।

२९. संशोधन : यो नियमावलीको संशोधन गर्ने अधिकार कार्यपालिकाको हुनेछ ।

३०. व्याख्या गर्ने अधिकार : यो नियमावलीको व्याख्या गर्ने अधिकार कार्यपालिकाको हुनेछ ।

३१. खारेजी र बचाउ : १) खोटेहाङ प्रज्ञा प्रतिष्ठान ऐन २०८० अनुसार यो नियमावली लागू भए २)

पश्चात अन्य विधान, खारेज हुनेछन् ।

यो नियमावली प्रारम्भ हुनु अघि भए गरेको कार्य यसै नियमावली बमोजिम भए गरेको मानिने छ

उदिम बहादुर राई
अध्यक्ष
खोटेहाङ गाउँपालिका

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोटेहाङ बजार, खोटाङ
२०७३

# अनुसूची-१

## नियम ६ को उपनियम १ सँग सम्बन्धित बौद्धिक बैकमा जम्मा गर्ने सम्बन्धी आवेदनको ढाँचा

श्रीमान् प्रज्ञा अध्यक्ष ज्यू
खोटेहाङ प्रज्ञा प्रतिष्ठानको कार्यालय
खोटाङबजार, खोटाङ

विषयः बौद्धिक बैंकमा जम्मा गरिदिनु हुन ।

महोदय, उपर्युक्त सम्बन्धमा मैले/हामीले तपसिलको विषयमा नवीन खोज अनुसन्धान गरी सो को नतिजालाई बौद्धिक सम्पत्तिको रुपमा जम्मा गर्न आएकोछु/छौं । मेरो/हाम्रो सो निजी अनुसन्धानलाई वौद्धिक वैंकमा जम्मा गरिदिनु हुन अनुरोध छ । अध्ययन अनुसन्धानको नतिजा र सो सम्बन्धी बिवरण झुटा ठहरे कानून बमोजिम सहन/बुझाउन मञ्जुर गर्दछु/गर्दछौं ।

तपसिल

१.विषयः
२.शीर्षक :
३.शोधपत्रको सामान्य विवरणः
४.शोधको हार्ड कपी र सफ्ट कपीदुवै तीन तीन प्रति
५. भौतिक वस्तु भए सो को विवरण सहित एक थान भौतिक वस्तु
६. अन्य

निवेदक

नामथर :
दस्तखत :
ठेगाना :
बाबुको नामः
बाजे/पतिको नाम :
उत्पत्ति सम्बन्धी अन्य बिवरण भए उल्लेख गर्नेः
मिति :

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोटाङ बजार, खोटाङ
२०७३

# अनुसूची-२
## नियम ६ को उपनियम ३ सँग सम्बन्धित

## वौद्धिक बैंकमा सम्पत्तिजम्मा गरेको प्रमाण-पत्रको ढाँचा

## वौद्धिक सम्पत्ति जम्मा गरेको प्रमाण-पत्र

मिति :......................

................................को नाति/नातिनी...................... को छोरा/छोरी ............................श्रीमान/ श्रीमती............................ प्रदेश........... जिल्ला.................... गाउँ/गाँउपालिका ...................... वडा नं............ निबासी वर्ष............का श्री ............................................... नागरिकता प्रमाण पत्र नं ............जिल्ला...........................वडा नं........... ले खोटेहाङ गाउँपालिकाको बौद्धिक बैंक मा तपसिल बमोजिमको बौद्धिक सम्पत्ति जम्मा गर्नुभएकाले दाखिला प्रमाण-पत्रप्रदान गरिएको छ ।

तपसिल
विषय:
शीर्षक:
खोज अनुसन्धानको सामान्य विवरण :
दाखिला मिति :

................................
नाम :
सचिब

..........................
नाम :
अध्यक्ष

# अनुसूची-३
## नियम ९ को उपनियम ३ सँग सम्बन्धित

### उत्प्रेरक बन्न चाहनेको आवेदनको ढाँचा

श्रीमान् प्रज्ञा अध्यक्ष ज्यू
खोटेहाङ प्रज्ञा प्रतिष्ठानको कार्यालय
खोटाङबजार, खोटाङ

विषय : उत्प्रेरक तालिममा सहभागी हुन पाउँ ।

महोदय, उपर्युक्त सम्बन्धमा खोटेहाङ गाउँपालिका वडा नं. ........................ टोल निवासी मलाई खोटेहाङ गाउँपालिकाले खोटेहाङ प्रज्ञा-प्रतिष्ठान मार्फत संचालन गर्ने उत्प्रेरक तालिममा प्रतिष्ठानको नियम अनुसार समावेश हुने अवसर प्रदान गरिदिनुहुन अनुरोध गर्दछु ।

आवेदक
दस्तखत :
नामथर :

संलग्न कागजातहरु:
१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
२. खोटेहाङ गाउँपालिकामा स्थायीबसोवास गरेको प्रमाण-पत्रको प्रतिलिपि
३.कम्तिमा स्नातकतह वा सो सरह उत्तीर्ण गरेको शैक्षिक योग्यताका प्रमाण- पत्रहरुका प्रतिलिपिहरु ।
४. कबुलियत फाराम

# अनुसूची-४
## नियम ९ को उपनियम ८ सँग सम्बन्धित

उत्प्रेरक बन्न पूरा गर्नु पर्ने प्रक्रिया

१. उत्प्रेरक बन्ने आवेदन :
२. कबुलियत फाराम :
३. भाषामा राम्रो दखल भएको :
४. स्पस्ट बोली ,बौद्धिक ज्ञान र क्षमता भएको :
५. सहभागी प्रतिक्रियामा कम्तिमा ६० अंक प्राप्त गरेको :
६. कम्प्युटर सीप भएको :
७. खोटेहाङ गाउँपालिका भित्र स्थायी बसोबास भएको :
८. २५ वर्ष पुगी ५० वर्ष ननाघेको
९. कम्तिमा स्नातकतह वा सो सरह उत्तीर्ण गरेको :
१०. सदाचारी हुनुपर्ने  धुम्रपान, मद्यपान, लागूऔषध सेवन नगर्ने)
११. दीर्घ र गम्भीर प्रकृतिको रोग नलागेको :
१२. कम्तिमा १० वर्ष खोटेहाङ गाउँ क्षेत्र भित्र बसोबास गर्ने योजना भएको ।

अनुसूची-५
नियम २८ सँग सम्बन्धित

खोटेहाङ प्रज्ञा प्रतिष्ठानको चिन्ह र छापको नमुना

१. गोलो घेरा भित्र माथि पट्टि खोटेहाङ प्रज्ञा प्रतिष्ठान लेखिएको

२. बिचमा खुल्ला पुस्तक भएको, दाँया बाँया घेराभित्र बन्द पुस्तक र कलम चिन्ह रहेको ।

३. पुछारमा स्था. २०८० लेखिएको ।